## काठेखोला गाउँपा लका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः मितिः२०७७/१२/०८

**भाग-१**

काठेखोला गाउँपा लका

## कृ ष तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धि कार्यबि ध

आज्ञाले,

चुर्ण बहादुर कार्की

प्रमुख प्रशासकीय अधिकृत

# कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्वन्धि कार्यविधि २०७७

१. **प्रस्तावना** : काठेखोला गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाका अधिकांश नागरिकहरुको मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अवलम्वन गरेका छन । यसरी यस पालिकाका कृषकहरुलाई व्यवसायिक र प्रतिष्पर्धी वनाई उनिहरुको आयआर्जन वृद्धि गरि स्वाबलम्वी वनाउन बाञ्छनीय भएकोले यो कार्यविधी स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि काठेखोला गाउँपालिकाले देहायको कार्यविधी जारि गरेकोछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :

(क) **"गाउँपालिका"** भन्नाले काठेखोला गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) **"अध्यक्ष"** भन्नाले काठेखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) **"उपाध्यक्ष"** काठेखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले काठेखोला गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(ङ) **"वडा"** भन्नाले काठेखोला गाउँपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

(च) **"सहकारी"** भन्नाले कृषि तथा पशुजन्य बस्तु उत्पादनमा संलग्न काठेखोला गाउँपालिका भित्रका सहकारीहरुलाई जनाउनेछ । यस शब्दले काठेखोला गाउँपालिकाका कृषकहरुको कृषिजन्य उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ ।

(छ) **"तरकारी"** भन्नाले फुलगोभी, बन्दागोभी, केराउ,बोडि,सीमि, साग, गोलभेडा,आलु, लौका, चिचिण्डा, घिरौला, पाटेघिरौला, भाण्टा, फर्सि, काक्रो, स्कुस, परवल, पिडालु लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउदछ ।

(ज) **"फलफुल"** भन्नाले कागती,जुनार, सुन्तला, अम्वा, आप, लिची, किवी लगायल फलफुलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउदछ ।

(झ) **"मसलाजन्य वस्तु"** भन्नाले लसुन, प्याज, धनिया, खुर्सानी, अदुवा, हलेदो,टिमुर, सिल्टीमुर लगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाई जनाउने छ ।

**३. अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरु :**

क) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधि भित्र रहि पशुजन्य उत्पादन अन्तर्गत दुध, मासु , अण्डा र कृषिजन्य वस्तु अन्तर्गत तरकारी, फलफुल, मह तथा मसलाजन्य वस्तुमा अनुदान उपलब्ध गराउने छ ।

**४. अनुदान उपलब्ध गराउने विधी :**

(क) कृषकहरुले अनुदान प्राप्त गर्नको लागि तोकेको सहकारी वा समूह मार्फत विकी वितरण गरेको हुनु पर्नेछ

(ख) सहकारीहरुले कृषिजन्य वस्तु खरिद गरेको र बिकी गरेको अभिलेख स्पष्टसंग राखेको हुनुपर्नेछ ।

(ग) सहकारीले राखेको अभिलेखको आधारमा सहकारी तथा वडाले गाउँपालिकालाई विकीको परिमाण र रकम सिफारिस गरि पठाउनु पर्नेछ ।

(घ) सहकारी तथा वडाको सिफारिसको आधारमा पालिकाबाट कृषि तथा पशुजन्य वस्तुको विकीमा आधारित अनुदान उपलब्ध हुनेछ ।

(ङ) गाउँपालिकाले सहकारीको अभिलेखको समय समयमा अनुगमन निरिक्षण गर्नेछ र झुट्टा विवरण राख्ने र पेश गर्ने समुह सहकारीहरुको दर्ता खारेजी गरि त्यस्ता समुह सहकारीहरु मार्फत अनुदान वितरण गरिने छैन ।

(च) अनुदान उपलब्ध गराउदा सहकारीलाई अनुदान उपलब्ध गराइनेछ र सहकारी मार्फत कृषकहरुले विकीको आधारमा अनुदान प्राप्त गर्नेछन ।

(छ) कृषि तथा पशुजन्य वस्तुको विकीमा सहजीकरण गर्ने सहकारीहरुलाई व्यवस्थापन खर्च वापत कार्यविधीमा तोकिए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(ज) यो कार्यविधी स्वीकृत भए पश्चात सहकारी मार्फत विकी वितरण गरि अभिलेखिकरण गरिएका कृषकहरुलाई मात्र अनुदान उपलब्ध गराइनेछ ।

(झ) कृषि तथा पशुजन्य वस्तु विकी वितरणमा संलग्न हुन चाहने सहकारीहरुले आफनो प्रमाणपत्र सहित वडामा निवेदन पेश गर्नुपर्नेछ र निवेदनको आधारमा वडाले पालिकामा सिफारीस गरि सके पश्चात उक्त कार्यमा संलग्न हुन गाउँपालिकाले सहकारीलाई अनुमति दिनेछ । यसरी अनुमति प्राप्त गरि सके पश्चात सहकारीले विकी वितरणको अभिलेख राख्न शुरु गर्नेछ ।

(ञ) कृषकहरुले प्राप्त गरेको अनुदान सहकारीहरुले भर्पाइ गरि बुझाउनु पर्नेछ र सो को एक प्रति फोटोकपि गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

**५. उपलब्ध गराउने अनुदान रकम :**

**५.१ कृषक :** कृषकहरुलाई बिक्रीको आधारमा सहकारीहरु मार्फत देहाय बमोजिमको रकम उपलब्ध गारइनेछ ।

**क) पशुजन्य वस्तु :** दुध प्रति लिटर रु **५० पैसा** प्रतिकेजि रु ५ अण्डा प्रतिगोटा ५० पैसा

**ख) कृषिजन्य वस्तु :** मह प्रति के जी रु १० , तरकारीहरु प्रति के जी रु २, मसलाजन्य वस्तुहरु प्रति के.जी रु २ माछा प्रति केजि ५ रुपैया, फलफुल प्रति के.जी रु २

**५.२ सहकारी/समूह/व्यवशायी :** कृषि तथा पशुजन्य वस्तु संकलनको लागि तोकिएका र संलग्न सहकारी तथा समुहहरुलाई व्यवस्थापन खर्चको लागि देहाय बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

क) न्युनतम व्यवस्थापन बजेटको अतिरिक्त सहकारिहरुले विक्रीको परिमाणको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहन गर्न सक्नेछ ।

ख) काठेखोला गाउँपालिका बाहिरका सहकारीहरुलाई भने यस प्रकारको बिक्रीमा आधारित अनुदान उपलब्ध गराइने छैन ।

**६. कृषि तथा पशुजन्य वस्तुको खरिद तथा विक्री मूल्य :**

क) सहकारीहरुले आफना सवै सदस्यहरुको सहभागितामा कृषि तथा पशुजन्य वस्तुको खारिद तथा विक्री मूल्य निर्धारण गर्न सक्नेछन ।

ख) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरि वार्षिक, चौमासिक, मासिक वा दैनिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन ।

ग) कृषकहरुको सहभागितामा सहकारीले निर्धारण गरेका मूल्यको सुचि सहकारीले सवैले देख्ने गरि संकलन केन्द्रमा टास गर्नुपर्नेछ ।

घ) खरिद र विक्री मूल्य निर्धारण गर्दा यथासक्य खरिद र विक्री मूल्य विचको अन्तर कम हुन पर्नेछ तर मूल्य निर्धारण गर्दा भण्डार अवधिमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ ।

ङ) खरिद र बिक्रि मूल्यविच हुने अन्तरबाट हुने आम्दानी सम्वन्धित सहकारीको हुनेछ र उक्त रकम सहकारीले संस्थाको निर्णय बमोजिम कर्मचारी व्यवस्थापन लगायत सहकारीको अन्य व्यवस्थापकिय खर्चमा लगाउन सक्नेछ ।

च) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारणको क्रममा सम्वन्धित वडा कार्यालय तथा गाउँपालिकाको कृषि तथा पशुसेवा शाखालाई सहजिकरणको लागि सहकारीले आमन्त्रण गर्न सक्नेछन ।

छ) गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुले कुनै कार्यक्रम गर्दा गाउँपालिका भित्रका सहकारीहरु मार्फत कृषि तथा पशुजन्य वस्तु खरिद गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।

७. **अनुदान रकम निकासा :** बिक्रिमा आधारित अनुदान उपलब्ध गराउदा गाउँपालिकाबाट चौमासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा उपलब्ध गराउन सकिनेछ ।

८. **अन्य क्षेत्रमा अनुदान** : बिक्रीमा आधारीत अनुदान बाहेक गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशुक्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधीले बाधा पुर्‍याएको मानिने छैन ।

९. **बजार मूल्यको कारण हुने क्षतिको परिपुर्ति** : विश्वव्यापी बजारिकरणको कारण स्थानिय कृषकको उत्पादन मूल्य भन्दा अत्यधिक कम मूल्यमा कृषिजन्य वस्तु बजारमा आई कृषकलाई हुने घाटा पुर्ति गर्ने सन्दर्भमा थप मापदण्ड वनाई कार्यपालिकाको निर्णय बमोजिम कार्य अगाडि बढाइने छ ।

१०. **बाधा अड्काउ फुकाउने** : यस कार्यबिधी कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ ।

११. **परिमार्जन तथा संशोधन :** कार्यविधीलाई आवश्यकता अनुसार गाउँ कार्यापालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।